माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर,प्यूठान
५ नं. प्रदेश, नेपाल

मोः ८८५७८३६००६
टोल फ्री नंः १६६०८६४२००६
वेबसाइटः www.mandavimun.gov.np
ईमेलः info@mandavimun.gov.np
mandavimun2073@gmail.com


प.स. २०७७/०७८
च.न. १२८

मिति २०७७/०५/०८

श्री वडा कार्यालय सबै ।

विषय : परिपत्र सम्बन्धमा ।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय प्यूठानको च.नं. ४५७ ,मिति २०७७/०५/०१ गतेको परिपत्र सम्बन्धी प्राप्त पत्रको प्रतिलिपि पाना १ यसै पत्रसाथ संलग्न राखि पठाईएको छ । विस्तृत ब्यहोरा पत्रबाट अवगत गरि नेपाली नागरिकताको प्रमाण पत्रको लागि सिफारिस गर्दा पत्रमा उल्लेखित कागज पत्र प्रमाणहरु/विवरणहरु प्रमाणित गरि पठाईदिनुहुन अनुरोध छ ।

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
प्यूठान

Website: www.daopyuthan.moha.gov.np
E-Mail:- daopyuthan@moha.gov.np.
daopyuthan2074@gmail.com

फोन नं ०८६-४२००३३
४२०१३३
४२००४८
फ्याक्स ०८६-४२०२९९

पत्र संख्या:- ०७७/०७८
चलानी नं : ४५८

मिति:-२०७७/०५/०१

दर्ता नं. १८६
दर्ता मिति: २०७७/०५/८

विषयः- परिपत्र सम्बन्धमा ।

श्री सम्पूर्ण स्थानीयतहहरु,
प्यूठान ।

प्रस्तुत विषयमा नेपाली नागरिकताको प्रमाण-पत्र सिफारिस गर्दा विभिन्न स्थानीय तहहरुबाट आवश्यक पर्ने न्यूनतम प्रमाण/कागजातहरु अपुग/छुट सिफारिस हुने देखिएकोले र यसबाट नेपाली नागरिकताको प्रमाण-पत्र जारी गर्न प्रक्रियागत कठिनाई तथा सेवा प्रवाहमा समेत असहजता हुने एवं कहिलेकाँही नाम थर, वतन, जन्ममिति, बाबु आमाको नाम जस्ता विषयहरुमा फरक पर्न जाने हुँदा नेपाली नागरिकताको प्रमाण-पत्रको लागि सिफारीस गर्दा देहायका कागज प्रमाणहरु/विवरणहरु उल्लेख गरी/प्रमाणित गरि पठाई दिनुहुन अनुरोध छ ।

<u>तपिशलः-</u>

१) अनुसूची- १ फाराममा नै आवश्यकतानुसार सर्जिमिन र सनाखत गर्ने (अनुसूची - १ को पछाडीपट्टी माथिल्लो खण्डमा सम्बन्धित वडाध्यक्षले सहिछाप गर्ने, तेश्रो खण्डमा सर्जमिनमा बस्नेको नाम, थर र ठेगाना उल्लेख गरी सहिछाप गर्ने) ।
२) नेपाली नागरिकताको प्रमाणपत्र उपलब्ध गराउने किटानी सिफारिस ।
३) बाबु र आमाको नागरिकता प्रमाण-पत्र ।
४) जन्मदर्ता ।
५) नामथरजन्ममिति खुल्ने शैक्षिक योग्यताको प्रमाणपत्र । (शैक्षिक योग्यता हुनेहरुको हकमा। संभव भएसम्म SEE को प्रमाणपत्र पेश गर्ने)
६) विवाहित महिलाको हकमा विवाह दर्ता प्रमाण-पत्र ।

२०७७/५/१
सहायक प्रमुख जिल्ला अधिकारी